लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

कर्पोरेट कार्यालय , स्टारमल चौथो तल्ला, पुतलीसडक, काठमाडौं
फोनः०१-४०१२६१३/०१-४०१२६१४

# 'ख' समूहका सर्वसाधारण शेयरधनीहरुबाट हुने संचालक निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. को २३ औं वार्षिक साधारण सभा मिति २०८२ आषाढ ३० गतेका दिन हुने बारेमा १ जना संचालक निर्वाचन प्रयोजनका लागि संचालक निर्वाचन कार्यविधि निर्देशिका २०५९ को दफा ४७ को उपदफा १ को अधिनमा रही लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. को कर्पोरेट कार्यालय पुतलीसडकलाई निर्वाचन अधिकृतको कार्यालय मुकरर गरिएको सम्पुर्ण शेयरधनीहरुलाई जानकारी गराईन्छ। सो दिन 'ख' समूहका सर्वसाधारण शेयरधनीहरुमध्येबाट हुने १ (एक) जना संचालकको निर्वाचन कार्यक्रम देहाय बमोजिम हुने हुँदा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०८२/३/२२ | बिहान ११ बजे | कर्पोरेट कार्यालय, पुतलीसडक |
| २. | मतदाता नामावली उपर दावी विरोध | २०८२/३/२२ | अपरान्ह १ बजे देखि दिनको २ बजे सम्म | ऐ. |
| ३. | अन्तिम नामावली प्रकाशन | २०८२/३/२२ | दिनको ३ बजे | ऐ. |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८२/३/२३ | बिहान ११ बजे देखि दिनको २ बजे सम्म | ऐ. |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन गर्ने | २०८२/३/२३ | दिनको २:३० बजे | ऐ. |
| ६. | उम्मेदवारको नाम उपर दाबी बिरोध उजुरी गर्ने | २०८२/३/२३ | दिनको ३ बजे देखि ४ बजे सम्म | ऐ. |
| ७. | मनोनयन पत्रको जाँच र उजुरी उपर सम्बन्धित उम्मेदवारको प्रतिक्रिया माग गर्ने | २०८२/३/२४ | बिहान ११ बजे देखि दिनको १ बजे सम्म | ऐ. |
| ८. | मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | २०८२/३/२४ | दिनको ३ बजे | ऐ. |
| ९. | उम्मेदवारको नामावली प्रकाशित गर्ने | २०८२/३/२४ | दिनको ३:१५ बजे | ऐ. |
| १०. | उम्मेदवारी फिर्ता लिने | २०८२/३/२४ | दिनको ३:३० बजे देखि दिनको ४ बजे सम्म | ऐ. |
| ११. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०८२/३/२४ | दिनको ४:३० बजे | ऐ. |
| १२. | मतदान कार्य | २०८२/३/३० | साधारण सभामा अन्य प्रस्तावहरू पारित भएपछि | साधारण सभा स्थान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर |
| १३. | मतगणना | २०८२/३/३० | मतदान समाप्त भएपछि | साधारण सभा स्थान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर |
| १४. | निर्वाचन परिणामको घोषणा | २०८२/३/३० | मतगणना समाप्त भएपछि | साधारण सभा स्थान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर |

Life Insurance Corporation (Nepal) Ltd.

**उम्मेदवार हुन चाहने शेयरधनीले ध्यान दिनुपर्ने कुराहरूः**

१. संचालक पदमा उम्मेद्वार हुन चाहने शेयरधनीले हितग्राही खाता नं. प्रमाणित हुने र यस कम्पनीको कम्तीमा १०० कित्ता शेयर धारण गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

२. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले बीमा ऐन २०७९ को दफा ४९ मा व्यवस्था भए अनुसार देहाय बमोजिमको शैक्षिक योग्यता तथा अनुभव हासिल गरेको हुनुपर्नेछ ।

   क. विदेशी वा स्वदेशी बीमक, बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा सरकारी सेवा वा सङ्गठित संस्थाको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको,

   ख. कुनै विषयमा स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बीमा, बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रको सङ्गठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा सरकारी सेवा वा सङ्गठित संस्थाको अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको,

   ग. चार्टर्ड एकाउन्टेन्सी गरेको वा बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा वाणीज्य कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

३. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कालोसूचीमा नरहेको प्रमाण संलग्न गर्नु पर्नेछ ।

४. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कर चुक्ता गरेको प्रमाण संलग्न गर्नु पर्नेछ ।

५. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनी बीमा ऐन २०७९ को दफा ५० ले तोके बमोजिम अयोग्य भएमा निजले संचालक पदमा उम्मेदवारी दिन पाउने छैन ।

६. संचालक पदमा उम्मेद्वार हुन चाहने शेयरधनीहरुले मिति २०८२ आषाढ २३ गते बिहान ११ बजेदेखि दिनको २ बजेसम्म कम्पनीको कर्पोरेट कार्यालयस्थित निर्वाचन अधिकृतको कार्यालयमा १ जना शेयरधनी प्रस्तावक र अर्को १ जना समर्थकसहित उम्मेद्वारी तोकिएको ढाँचा बमोजिम दरखास्त दर्ता गर्नुपर्नेछ । उम्मेद्वारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा मिति २०८२ आषाढ २३ गते दिनको ३:३० बजे देखि दिनको ४ बजे सम्म आफ्नो नाम फिर्ता लिन लिखित दरखास्त दिनु पर्नेछ । तर, अध्यक्षले अनुमति दिएमा त्यस्तो उम्मेद्वारले सो समयपछि पनि आफ्नो नाम फिर्ता लिन सक्नेछन् ।

७. शेयरधनीहरुको मताधिकार निजले लिएको शेयरको अनुपातमा हुनेछ । त्यसरी मतदान गर्ने शेयरधनीले आफ्नो सवै मत एउटै उम्मेद्वारलाई वा एकभन्दा बढी उम्मेद्वारहरुलाई विभाजन गरी गोप्यरुपमा मतदान गर्नु पर्नेछ ।

८. मतदानमा अधिकार पाएको शेयरधनी मतदानमा स्वयम् उपस्थित हुन नसक्ने भएमा कम्पनीको अन्य शेयरधनीलाई प्रतिनिधि मनोनित गर्न सक्नेछ र त्यसरी मनोनित भएको प्रतिनिधिले मतदान गर्न पाउनेछ ।

९. सभामा भाग लिने र मतदान गर्ने व्यक्ति एउटै हुनु पर्नेछ ।

(उपरोक्त निर्वाचन कार्यक्रम सम्बन्धी सूचना यस कम्पनीको सूचना पाटी र बेभसाइट www.licnepal.com.np मा दुवैमा प्रकाशित गरिएको छ ।)

कम्पनीको छापः
मिति २०८२/०३/१२

Life Insurance Corporation (Nepal) Ltd.

अधिवक्ता हरि प्रसाद खनाल
(स. निर्वाचन अधिकृत)